# चाडपर्वको बेला सुरक्षित यात्रा गरौं ।

- चाडपर्वमा यात्रुको चाप सागै पर्याप्त मात्रमा र नियमित रूपमा सवारी साधन सञ्चालन गरौं ।
- सवारी साधनमा अनावश्यक भिडभाड नगरौं ।
- सवारी साधनमा क्षमताभन्दा बढी यात्रु नबोकौं ।
- सवारी साधनको छतमा बसेर यात्रा नगरौं ।
सवारी साधनमा अनावश्यक भिडभाड नगरौं ।
- सावरी साधनको नियमित रूपमा मर्मत गरौं ।
- मादक पदार्थ सेवन गरी सावरी साधन नचलाऔं ।
- मादक पदार्थ सेवन गरी सावरी साधन नचलाऔं ।
- दुर्घटनाबाट आफू बचौं र अरूलाई पनि बचाऔं ।

"आफू पनि बचौं, अरूलाई पनि बचाऔं ।

**पेखरा महानगरपालिका वडा नं.२८**

**खुदी, कास्की**

# स्वस्थकर मासु खाऔं,जीवन बचाऔं

- मासु तथा मासुजन्य पदार्थको अत्यधिक उपभोग नगरौं ।
- काँचो वा पकाएको मासु तथा मासुजन्य पदार्थ सुरक्षित राखेर मात्र उपभोग गरौं ।
- सडेगलेका र गन्हाएका बासी खानेकुरा उपभोग नगरौं ।
- स्वच्छ स्थानबाट स्वस्थ्य मासु तथा मासुजन्य पदार्थ खरिद गरौं ।
- मासु तथा मासुजन्य पदार्थ धेरै खादा पचाउन गाऱ्हो हुने भएकोले अन्य खाने कुरा साग सन्तुलन मिलाएर उपभोग गरौं ।
- चिस्यान सुविधा भएको स्वच्छ र सफा मासु पसलबाट मात्रै मासु खरिद गरौं ।
- याद राखौं ६0 प्रतिशत भन्दा बढी मानव रोगहरु पशुपन्छीबाट सर्ने गर्दछ ।

"आफू पनि बचौं, अरुलाई पनि बचाऔं ।

**पोखरा महानगरपालिका डा नं. २८**
**खुदी, कास्की**

# जनहितमा जारी जरुरी सूचना

- फरक फरक धर्म संस्कृति, रितिरिवाज र चाडपर्वको सम्मान गरौं ।
- एक आपसमा भेदभाव नगरौं, धार्मिक-सास्कृतिक
- सहिष्णुता कायम राखौं ।
- चाडपर्वलाई पारिवारिक भेटघाटको रूपमा प्रयोग गरौं ।
- हाम्रा सांस्कृतिक पर्वहरूको जगेर्ना गरौं ।
- चाडपर्वमा अनावश्यक रूपमा खर्च नगरौं ।
- मद्यपान र जुवातास जस्ता विकृतिको अन्त्य गरौं ।
- चाडपर्व हाम्रा सांस्कृतिक पहिचान, मद्यपान र जुवातास विकृतिका मुहान ।
- विकृती र विसंगती रहित समाज निर्माणमा सबै मिलेर हातेमालो गरौं ।

"आफू पनि बचौं, अरुलाई पनि बचाऔं ।

**पोखरा महानगरपालिका वडा नं.१८**

**खुदी, कास्की**

# विषादीको सुरक्षित प्रयोग गरौं

- खेतबारीमा जथाभावी विषादी प्रयोग नगरौँ । आफ्नो र वातावरणको ख्याल गरौँ ।
- केटाकेटीलाई विषादीबाट टाढा राखौँ । साथसाथै, विषादीलाई खानेकुरा, जनावरको दाना र चाराबाट छुट्टै स्थानमा राखौं ।
- सकेसम्म जैविक विषादीको मात्र प्रयोग गरौं र रासायनिक विषादी प्रयोग गर्न परेको खण्डमा उक्त विषादीको बारेमा पूर्ण जानकारी लिएर मात्र प्रयोग गरौं ।
- विषादी प्रयोग गर्दा र छर्कदाँ सुरक्षित पहिरनको (पञ्जा, मास्क, चस्मा, पूरै बाहुला भएको सर्ट र पेन्ट, एप्रोन, बुट ईत्यादि) प्रयोग गरौं र सम्भावित दुर्घटनाबाट बच्ने उपायबारे सजग रहौं ।
- विषादी प्रयोग गर्नुपूर्व त्यसको लेवल (रंग र संकेत) पढौं र बुझौं ।
- जीवनासक विषादी चलाउँदा खाने, पिउने र धुम्रपान गर्ने नगरौं ।
- जीवनासक विषादी प्रयोग पश्चात् प्रयोगकर्ताले राम्रोसँग नुहाइधुवाइ गर्ने, खाली भाँडाको सुरक्षित तवरले नष्ट गर्ने र फल टिप्नको लागि प्रतिक्षा अवधि र पुनःप्रयोग अवधिमा ध्यान दिने गरौँ ।
- ध्यान राख्नुहोस्: *विषादी विष हो, औषधि होइन ।*

## विषादी कारोबारमा संलग्न महानुभावहरुमा विशेष अनुरोध

- विषादी ऐन र नियमावली बमोजिम इजाजत पत्र लिएर मात्र विषादीको कारोबार गर्नुहोस् ।
- नियमानुसार इजाजत पत्र/पञ्जिकरण पत्र नविकरण गर्नुहोस् ।
- कारोबार गर्दा पञ्जिकृत विषादीहरुको मात्र कारोबार गर्नुहोस् ।
- आफ्नो उद्योगमा संलग्न कर्मचारी वा कामदारहरुलाई आवश्यक प्रशिक्षण दिनुहोस् ।
- विषादी पञ्जिकरण तथा व्यवस्थापन शाखाले तोकेको मापदण्ड बमोजिम विषादी पसल तथा उद्योग व्यवस्थित गर्नुहोस् ।
- पञ्जिकृत, सुरक्षित र प्रभावकारी विषादीको कारोबारलाई प्राथमिकता दिनुहोस् ।
- विषादीको सुरक्षित तरिकाले परिवहन र भण्डारण गर्नुहोस् ।

**पोखरा महानगरपालिका वडा नं. २८**
**खुदी, कास्की**